कार्यपालिकाको ~~पन्ध्रौं~~ १६औं बैठक//स्थानः अध्यक्षज्यूको कार्यकक्ष

मितिः २०७९ साल पौष महिनाको १७ गते आइतबार

अध्यक्षताः श्रीमान वेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः

श्रीमान वेग प्रसाद गर्बुजा, अध्यक्ष

श्री लक्ष्मीदेवी घर्ती मगर पुन, उपाध्यक्ष

श्री हेमराज काफ्ले, प्रमुख प्रशासकीय अधिकृत

श्री टंक प्रसाद पुन, अध्यक्ष, वडा नं १

श्री उदय कुमार बुढाथोकी, अध्यक्ष, वडा नं २

श्री मोति प्रसाद बुढा, अध्यक्ष, वडा नं ३

श्री गर्भे गुरुङ, का.वा. अध्यक्ष, वडा नं ४

श्री पथ बहादुर रोका, अध्यक्ष, वडा नं ६

श्री टक बहादुर पुन, अध्यक्ष, वडा नं ७

श्री मन कुमारी पुन, कार्यपालिका महिला सदस्य

श्री प्रतिक्षा वि.क., कार्यपालिका महिला सदस्य

श्री देवी पटेल, कार्यपालिका महिला सदस्य

श्री छरदेवी घर्ती, कार्यपालिका महिला सदस्य

श्री दल बहादुर खड्काथोकी, कार्यपालिका सदस्य

श्री अनुप गौचन, कार्यपालिका सदस्य तथा प्रवक्ता

आमन्त्रित उपस्थितिः

श्री सागर पौडेल, लेखापाल

हेमराज काफ्ले
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरुः

१. विपद् व्यवस्थापनमा रकम विनियोजन सम्बन्धमा।
२. गाउँपालिकाको प्रशासकीय भवनका लागि जग्गा व्यवस्थापन सम्बन्धमा।
३. दर्बाङ प्राथमिक स्वास्थ्य केन्द्र स्तरोन्नति सम्बन्धमा।
४. प्राविधिक शिक्षालय सञ्चालन सहजीकरण सम्बन्धमा।
५. राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन सम्बन्धमा।
६. संघ संस्था सहयोग सम्बन्धमा।
७. पोषण कार्यक्रम सञ्चालन सम्बन्धमा ।
८. संघ तथा प्रदेश सरकारसँग आ.व. २०८०/८१ का लागि योजना माग सम्बन्धमा ।
९. बिबिध

निर्णयः

| निर्णय नं | निर्णयको व्यहोरा | कैफियत |
|---|---|---|
| १. | विपद व्यवस्थापन अन्तर्गत चालु आ.व. मा वडा स्थित मनसुनजन्य बाढी पहिरो व्यवस्थापनमा भएको खर्चको भुक्तानी माग भन्दा विनियोजन भएको रकम कम भएको र भुक्तानी दिनुपर्ने दायित्व बाँकी रहेकोले हिउँदे अधिबेशनबाट रु ३०,००,००० (अक्षरेपिः तीस लाख रुपैयाँ मात्र) विपद् व्यवस्थापन शिर्षकमा विनियोजन गर्ने । | |
| २. | मालिका गाउँपालिकाको प्रशासकीय भवन निर्माणार्थ जग्गा व्यवस्थापन गर्न कार्यपालिका सदस्यहरुबाट स्थलगत अवलोकन गरेर सरोकारवालाहरुसँग छलफल गरी आगामी कार्यपालिका बैठकबाट उपयुक्त निर्णय गर्ने । | |
| ३. | दर्बाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गर्न आवश्यक भएको हुँदा वडा नं ६ स्थित माथिल्लो दर्बाङमा रहेको जनप्रिय मा.वि.को भवन तथा प्राङ्गण भएको जग्गा लिजमा प्राप्त गर्न विद्यालय व्यवस्थापन समितिलाई पत्राचार गर्ने र सरोकारवालाहरुसँग छलफल गर्ने । | |
| ४. | वडा नं ७ स्थित किसानी मा.वि. प्राविधिक शिक्षालयलाई दिगो रुपमा सञ्चालन गर्न एवम् विद्यार्थीहरुलाई सहुलियत प्रदान गर्न, शिक्षकहरुको सुविधा एवम् सहज सञ्चालन तथा व्यवस्थापन गर्न बार्षिक रुपमा गाउँपालिकाले आर्थिक अनुदान प्रदान गर्नु पर्ने देखिएकोले आगामी आ.व. को बजेट निर्माणको चरणमा छलफल गरी निर्णय गर्ने । | |
| ५. | गाउँपालिकामा राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन गर्न आवश्यक हुने बजेट हिउँदे गाउँ सभाबाट विनियोजन गर्ने । उक्त खेलकुद सञ्चालनका लागि चालु आ.व. मा विनियोजित 'मालिका भलिबल खेल प्रवर्द्धन' शिर्षकको | |

| | | |
|---|---|---|
| | ३,५०,००० (अक्षरेपिः तीन लाख पचास हजार रुपैयाँ मात्र) रुपैयाँ समेत खर्च गर्ने । | |
| ६. | विभिन्न संघ संस्थाहरुबाट आर्थिक सहयोगका लागि पत्राचार भएको र हालसम्म नेपाल रेडक्रस सोसाइटी, दर्बाङ उपशाखालाई मात्र आर्थिक सहयोग उपलब्ध गराइएकोमा अन्य संघ संस्थालाई सहयोगका लागि हिउँदे अधिबेशनबाट रकम विनियोजन गर्ने । | |
| ७. | गाउँपालिकामा पोषण मैत्री वडा घोषणाका लागि हिउँदे अधिबेशनबाट रु ५,००,००० (अक्षरेपिः पाँच लाख रुपैयाँ मात्र) बिनियोजन गर्ने । पोषणको क्षेत्रमा काम गर्दै आएका मिलन म्याग्दी तथा सुआहारा जस्ता सामाजिक संस्था मार्फत पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने गराउने । | |
| ८. | गाउँपालिकाका सबै वडाबाट योजनाहरु माग गरी, वडास्तरीय र गाउँपालिका स्तरीय योजनाहरुको छनौट गरी आगामी कार्यपालिका बैठकबाट प्राथमिकता निर्धारण गरी आ.व. २०८०/८१ का लागि राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय एवम् प्रदेश सरकार समक्ष पेश गर्ने । | |
| ९. | क) मिति २०७९/०९/०६ मा प्रकाशित सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना बमोजिम २०७९/०९/१४ मा सञ्चालन भएको सब-इन्जिनियर, पाँचौ र फिल्ड सहायक पदको परीक्षा तथा आगामी दिनमा सञ्चालन हुने उक्त सूचना बमोजिमकै परीक्षाहरु अनुमोदन गर्ने ।साथै फिल्ड सहायक बाहेकका अन्य करारका पदहरुमा प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशबाट स्थायी पदपूर्तिका लागि सिफारिस भई आउँदा हाल नियुक्त हुने करार सेवाका कर्मचारीहरुको सेवा अवधि समाप्त हुनेछ ।<br><br>ख) आ.व. २०७८/७९ को असार महिनामा वडा नं ६ स्थित दुखु अल्काचौर क्षेत्रमा पहिरो हटाए बापतको रकम प्राविधिकको बिल बमोजिम भुक्तानी गर्न तत्काल रकम अभाव भएकोले चालु आ.व. मा दायित्व थपिएकोले उक्त भुक्तानीलाई गाउँसभाको हिउँदे अधिवेशनले निर्णय गरी बिल बमोजिमको भुक्तानी दिने ।<br><br>ग) वडा नं ४ स्थित सिस्नेरी खोला जलबिद्युत आयोजनाको मर्मत बापत रु ४५,२०० (अक्षरेपिः पैचालिस हजार दुई सय रुपैयाँ मात्र) भुक्तानी माग गरी वडा कार्यालय को सिफारिस सहित पेश भएकोले विपद व्यवस्थापन शिर्षकबाट दिने । | |

हेमराज कार्पुले
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | घ) वडा नं ४ को कार्यालयले महभिर स्थित थाप्लेडाँडा खानेपानी तथा सरसफाई योजना अन्तर्गतको सिद्धथान स्थित खानेपानी श्रोतमा क्षति भएकोले खानेपानी श्रोत मर्मत कार्यका लागि प्राबिधिकले तयार गरेको लागत अनुमान अनुसार कार्यसम्पन्न गराई विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी गर्ने । | |

हेमराज काफ्ले
प्रमुख प्रशासकीय अधिकृत